# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, साउन ३ गते २०४५ साल ( संख्या १४


## भाग ३

### श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी खाद्यान्न (Food Grain) को गुणस्तर वा मात्रा निम्नबमोजिम निर्धारण गरेकोले यो आदेश जारी गरेको छ ।

०८.०१.०० खाद्यान्न (Food Grain) भन्नाले साधारणतया मानव उपभोगको लागि प्रयोगमा ल्याइने सग्लो वा टुक्रा धान, चामल, गहुँ, मकै, कोदो, दलहनका गेडाहरूलाई सम्झनुपर्दछ । यी पदार्थहरू कृत्रिम रङ्गहरूको साथै अन्य हानिकारक पदार्थरहित स्वच्छ सफा भई निम्न गुणस्तर परिधिअनुरूपको हुनुपर्दछ ।

(१) वाह्य पदार्थ (Foreign Matters)

| | |
|---|---|
| (क) इनर्ग्यानिक पदार्थ (Inorganic Matters) (बालुवा, ढुङ्गा, धूलो, माटो इत्यादि) | – धानमा ३.० प्रतिशत र अन्य खाद्यान्नमा १.० प्रतिशतभन्दा बढी नभएको । |
| (ख) अर्ग्यानिक पदार्थ (Organic Matters) (भूस, चोकर, पराल, अखाद्य दाना, तेलहन तथा अन्य दाना) | – ३.० प्रतिशतभन्दा बढी नभएको । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) क्षतिग्रस्त दाना (Damaged Grain) (ताप वा ढुसी आदिले अन्नका दानाको भित्री भागसम्म क्षति पुऱ्याएको अन्नका गेडाहरू) – ५.०० प्रतिशतभन्दा बढी नभएको ।

(३) कीराले क्षति पुऱ्याएको दाना (Insect Damaged Grain) (घुन आदिले क्षति गरेको दाना) वा कीराले गरेको क्षतिको फलस्वरूप उत्पन्न भएको युरिक एसिडको मात्रा १० मिलिग्राम प्रति १०० ग्राममा बढी नभएको – १०.०० प्रतिशतभन्दा बढी नभएको ।

(४) जलांस (Moisture) (राम्ररी पिसाइएको खाद्यान्नको दानालाई १२०° से. देखि १३३° से. मा दुई घण्टासम्म तताउँदा भएको वजनमा हुन जाने ह्रासको मात्रा) – १६ प्रतिशतभन्दा बढी नभएको ।

(५) उपरोक्तबमोजिमका खाद्यान्नहरूमा कीटनाशक औषधिको (Pesticides)को उपस्थिति रहेमा सो निम्नबमोजिमको म्याक्सिमम रेजिड्यू लिमिट (एम. आर. एल.) वा एक्स्ट्रानियस रेजिड्यू लिमिट (ई.आर.एल.)भन्दा बढी हुनुहुँदैन ।

| कीटनाशक औषधि (Pesticides) | म्याक्सिमम रेजिड्यू लिमिट (एम.आर.एल.) |
|---|---|
| १. आल्ड्रिन, डाइल्ड्रिन (Aldrin, Dieldrin) | ०.०२ पार्ट पर मिलियन |
| २. कार्बारील ( Carbaryl) | ५.०० " |
| ३. क्लोर्डेन (Chlordane) | ०.०५ " (ई.आर.एल.) |
| ४. डी.डी.टी. (D.D.T.) | ०.१ " " |
| ५. डायजिनन (Diazinon) | ०.१ " |
| ६. फेनिट्रोथायन (Fenitrothion) | १०.०० " |
| ७. हेप्टाक्लोर (Heptachlor) | ०.०२ " (ई.आर.एल.) |
| ८. लिन्डेन (Lindane) | ०.५ " |
| ९. मालाथिएन (Malathion) | ८.० " |
| १०. फोस्फामिडन (Phosphamidon) | ०.१ " |

(६) यदि कुनै खाद्यान्नमा अफ्लाटक्सिन (Aflatoxin) उपस्थित रहेमा सो ३० पार्ट पर बिलियन (३० पी.पी.बी.) भन्दा बढी हुनुहुँदैन ।

आज्ञाले,
अक्रूरनरसिंह राणा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।